म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ८० २०७९ माघ २५ गते बुधबार 8 February 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-










**द्रुतमार्गको अवलोकन:** काठमाडौं-मधेश द्रुतमार्गअन्तर्गत निर्माणाधिन सुरुङमार्ग (माथि) तथा द्रुतमार्ग निर्माण कार्यको स्थलगत अवलोकनका लागि पुगेका जनप्रतिनिधि तथा नेपाल सरकारको प्रशासनिक कर्मचारी र सुरक्षाकर्मीहरु । नेपाली सेनामार्फत नेपाल सरकारले निर्माण गरिरहेको द्रुतमार्गको निर्माण कार्य भइरहे पनि सन्तोषजनक छैन ।
पछिल्लो समय मकवानपुरका जनप्रतिनिधि र कर्मचारी विकासे योजनाको अनुगमन तथा छिटो काम गर्न, गराउन सहजीकरणको प्रयास गरिरहेका छन् । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलान, हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मिना कुमारी लामा, भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा, मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्ज स्याङतान र बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछाने, मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, जिल्लास्थित सुरक्षा निकायका प्रमुखले काठमाडौं-मधेश द्रुतमार्गको अवलोकन गर्नुभएको हो ।

## हेटौंडामा दुई वटा बालविवाह रोकियो

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगरपालिका भित्र हुन लागेको दुई वटा बाल विवाह रोकिएको छ । हेटौडा उपमहानगरपालिका-१९ र हेटौंडा-५ मा बालविवाह हुन लागेको बाल हेल्पलाइनमा जानकारी आएपछि बालविवाह रोकिएको सिविन बाल हेल्पलाइनका कार्यक्रम संयोजक फविन्द्र ज्ञवालीले जानकारी दिनुभयो ।

हेटौंडा-१९ मा १४ वर्षीया बालिका र १७ वर्षीय बालक बीच हुन लागेको बालविवाह रोकिएको उहाँले जानकारी दिनुभयो । उनीहरुको परिवारसहित वडा कार्यालयमा छलफल गरेर विवाह रोक्न सफल भएको उहाँले बताउनुभयो । उनीहरुले २० वर्षपछि मात्रै विवाह गर्ने प्रतिबद्धता जनाएका छन् । बालबालिकाले अहिले पढाइलाई निरन्तरता दिने उहाँले बताउनुभयो । अभिभावकसँगको छलफलको क्रममा अभिभावकले बालबालिकाको विषयमा त्यति चासो नदिएको उहाँको भनाइ छ । छिमेकीको छोरी घरमा आएर बस्दा पनि वास्ता नगरेको, किन घरमा आएकी भनेर समेत नसोधेको छलफलमा आएको छ ।

यस्तै, हेटौंडा-५ मा हुन लागेको बालविवाहमा बालिका १६ वर्ष र बालक १८ वर्षको रहेको उहाँले बताउनुभयो । राक्सिराङ गाउँपालिका वडा नम्बर ३ निवासी बालिका बालश्रम गर्न हेटौंडा आएको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बालिका हेटौंडाको कपडा पसलमा काम गर्दै आएकी थिइन् । बालक होटलमा काम गर्ने रहेछन् । उनीहरु बीच प्रेम सम्बन्ध भएपछि विवाह गर्न लागेका हुन् ।" राक्सिराङ निवासी बालिकाको पारिवारिक अवस्था राम्रो भएको भन्दै उहाँले बालकको भने कान्छिआमा मात्रै रहेको र बुबा विदेश गएकोले पारिवारिक माया नपाएको बताउनुभयो ।

दुवै बालबालिकाहरुलाई परिवार सहित वडा कार्यालयमा जम्मा गराएर बालविवाहको बारेमा जानकारी गराएको उहाँले बताउनुभयो । यस्तै, बालविवाह, बलात्कार, बालश्रमको विषयमा कानूनमा भएको व्यवस्थाको बारेमा जानकारी गराइएको थियो । छलफलपछि उनीहरुले २० वर्ष नपुगी विवाह नगर्ने प्रतिबद्धता जनाएका छन् । दुबै बालिकाहरुलाई बाल हेल्पलाइनमा एक हप्ता राखेर सहजीकरण गरी परिवारलाई जिम्मा लगाइएको छ । उनीहरुले अब पढाइलाई निरन्तरता दिने र नियमित विद्यालय जाने प्रतिबद्धता जनाएका छन् । दुवै बालबालिकाको परिवारले समेत हेटौंडा उपमहानगरपालिकाको बालमैत्री हेटौंडा घोषणा गर्ने अभियानमा सहयोग गर्ने बताएका छन् ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर १९ को कार्यालयमा भएको छलफलमा वडा अध्यक्ष नरनाथ सुवेदी लगायत वडा सदस्यहरुको उपस्थिति रहेको थियो । यस्तै, हेटौंडा वडा नम्बर ५ को कार्यालयमा भएको छलफलमा वडा अध्यक्ष सुशील घिमिरे, वडा सदस्यहरु रंजिता सिलवाल, राम बहादुर राईलगायतको उपस्थिति रहेको थियो ।

## सवारी दुर्घटनामा चालक गम्भिर घाइते

समाज संवाददाता

**हेटौंडा: हेटौंडा उपमहानगरपालिका वडा नम्बर ९ मा सवारी दुर्घटना हुँदा एक जना गम्भिर घाइते भएका छन् । सोमबार राति ८ बजेर ४५ मिनेटको समयमा रातोमाटेबाट हेटौंडातर्फ आउँदै गरेको ना १ क ७३७७ नम्बरको डिब्बा ट्रकमा मधेश प्रदेश ०३-०२७ प ६२७० नम्बरको स्कुटर पछाडि ठोक्किँदा स्कुटर चालक घाइते भएका हुन् । दुर्घटनामा हेटौंडा ९ का अन्दाजी ३५ वर्षीय गोकर्ण गिरी गम्भिर घाइते भइ हेटौंडा अस्पतालमा सामान्य उपचार पश्चात् थप उपचारको लागि भरतपुर पठाइएको छ ।** ...बाँकी पृष्ठ ३ मा

## योजना आयोगको उपाध्यक्षमा चालिसे नियुक्त

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशको नीति तथा योजना आयोगको उपाध्यक्षमा ललितपुरका होमनाथ चालिसे नियुक्त हुनुभएको छ । प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको अध्यक्षतामा मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले ललितपुर जिल्लाको ललितपुर महानगर पालिका-२३ हात्तिवनका चालिसेलाई उपाध्यक्ष नियुक्त गरेको सरकारका प्रवक्ता एवं प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले जानकारी दिनुभयो ।

योजना आयोगको उपाध्यक्षमा नियुक्त हुनुभएका चालिसेले जापानबाट विद्यावारिधी उपाधी हासिल गर्नुभएको छ । जापानको टेकियो विश्वविद्यालयबाट सन् २००७ मा चालिसेले विद्यावारिधी उपाधि हासिल गर्नुभएको हो । अमृत साइन्स क्याम्पसबाट स्नातक तह पूरा गर्नुभएका चालिसेले त्रिभुवन विश्वविद्यालय क्याम्पस कीर्तिपुरबाट जनसंख्या शिक्षामा स्नातकोत्तर उत्तीर्ण गर्नुभएको छ । स्नातकोत्तर तहमा चालिसेले स्वर्णपदक प्राप्त गर्नुभएको थियो ।

मन्त्री जगन्नाथ थपलियाका अनुसार मन्त्रिपरिषद् बैठकले प्रदेशबाट एकीकृत सेवा प्रदान गर्ने विषयमा अध्ययन गर्न प्रदेशका प्रमुख सचिवको नेतृत्वमा समिति बनाउने निर्णय गरेको छ । यस्तै यसअघि गरेको खर्च कटौतिका विषयमा प्राप्त प्रतिवेदन अध्ययन गरेपश्चात लागू गरिने मन्त्री थपलियाले जानकारी दिनुभयो ।

यस्तै बागमती प्रदेश सरकारले प्रदेशमा बोलिने दुई राष्ट्रिय भाषा नेवा र तामाङ भाषालाई कामकाजको भाषा बनाउने प्रकिया सुरु गरेको जनाएको छ । नेवा र तामाङ भाषालाई कसरी कामकाजको भाषा बनाउन सकिन्छ भन्ने विषयमा अध्ययन गर्न समिति बनाएको छ । समितिमा सामाजिक विकास मन्त्री कुमारी मोक्तान, श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठ र वन तथा वातावरण मन्त्री राजु विष्ट रहनुभएको मन्त्री थपलियाले जानकारी दिनुभयो ।

## नेपाल फाइनलमा

काठमाडौं: नेपाली टोली बंगलादेशमा जारी साफ यू-२० महिला च्याम्पियनसिपको फाइनलमा पुगेको छ । राउन्ड रोबिनको आफ्नो अन्तिम खेलमा मंगलबार भारतमाथि ३-१ को सानदार जित निकाल्दै नेपाल फाइनलमा पुग्न सफल भएको हो ।

मंगलबार नै भएको खेलमा बंगलादेशले पनि जित निकाल्दै फाइनल यात्रा तय गरेको छ । उपाधि भिडन्त अब आयोजक बंगलादेश र नेपालबीच हुनेछ । बंगलादेशले राउण्ड रोबिन लिगको अन्तिम खेलमा मंगलबार भुटानलाई पराजित गरेसँगै नेपालको फाइनल प्रतिद्वन्दी घरेलु टोली परेको हो । बंगलादेशले भुटानलाई ५-० गोलअन्तरले हराएको हो । अब नेपालले बंगलादेशसँग उपाधिका लागि विहीबार खेल्नेछ ।

## संसदीय समिति गठनमा सहमति हुन सकेन

समाज संवाददाता

**हेटौंडा: बागमती प्रदेशसभाको संसदीय समिति गठनमा दलहरुबीच सहमति हुन सकेको छैन । सोमबार नै समिति गठन गर्ने भनेर समय तोकिएपनि दलहरुले नाम नपठाएपछि प्रदेशसभा नै स्थगित भएको थियो ।**

**राजनीतिक दलहरुले समितिको लागि नाम नपठाएसम्म प्रक्रिया नै अगाडि नबढ्ने बागमती प्रदेशसभा सचिवालयका सूचना अधिकारी सुन्दर बास्तोलाले जानकारी दिनुभयो । बागमती प्रदेश सभामुखले सोमबार दिउँसो १२ बजेलाई बोलाउनुभएको प्रदेशसभा बैठकमा दलहरुले नाम नपठाएपछि दिउँसो ४ बजेलाई बैठक सारिएको थियो । सोमबार दलहरुबीच सहमति हुन नसकेपछि सभामुख भुवनकुमार पाठकले प्रदेशसभा २६ गतेसम्मलाई स्थगित गर्नुभएको हो ।**

**दलहरुका बीचमा संसदीय समितिको सभापतिमा सहमति जुट्न नसकेको सूचना अधिकारी बास्तोलाले जानकारी दिनुभयो । प्रदेशसभामा प्रदेश मामिला, अर्थ तथा विकास, सार्वजनिक लेखा, शिक्षा, स्वास्थ्य तथा कृषि र उद्योग, पर्यटन तथा वातावरण गरी पाँच वटा समिति गठन हुन्छन् । त्यसमा एमाले, माओवादी केन्द्र, नेपाली कांग्रेस, नेकपा एस, राप्रपालगायतका दलहरुले संसदीय समितिको सभापतिमा दाबी गरेपछि निर्णय हुन सकेको छैन ।**




## सम्पादकीय

# एजेण्डाविहीन आकांक्षी

मुलुकका अधिकांश सामुदायिक विद्यालयको अवस्था सन्तोषजनक छैन । घट्दो विद्यार्थी संख्या तथा कमजोर शैक्षिक गुणस्तरका कारण धेरैजसो सामुदायिक विद्यालय समस्याग्रस्त छन् । दक्ष र योग्य शिक्षक भए पनि प्रभावकारी व्यवस्थापन तथा नेतृत्वको अभावमा सामुदायिक विद्यालयले आशातित उपलब्धी हासिल गर्न सकेका छैनन् । केही सामुदायिक विद्यालयहरुको अवस्था भने फरक छ । शैक्षिक गुणस्तर राम्रो भइसकेका र वृद्धि हुँदै गएका विद्यालयहरुको अवस्था फरक छ । ती विद्यालयलाई विद्यार्थीको संख्याको खासै अभाव पनि छैन । त्यस्ता विद्यालयले प्रवेश परीक्षा लिएर उत्कृष्ट विद्यार्थीमात्रै भर्ना गर्न सक्षम भइरहेका छन्, जसले शैक्षिक गुणस्तर वृद्धि गर्न खासै चुनौती पनि हुँदैन । शैक्षिक गुणस्तर राम्रो भएका सामुदायिक विद्यालयको व्यवस्थापन समितिप्रति अभिभावकको चासो बढी नै हुने गरेको छ । समितिमा बसेर काम गर्न अभिभावहरुको लर्को लाग्ने गरेको छ ।

हेटौंडाको आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय पनि देशकै अब्बल विद्यालयमा गनिने गरेको छ । लामो समयदेखि विद्यालयको एसएलसी/एसईईको नतिजा उत्कृष्ट बनिरहेका कारण उक्त विद्यालय पनि उत्कृष्ट बनेको छ । विद्यालयको अधिकांश पक्ष राम्रो हुनुमा उक्त विद्यालयको शैक्षिक तथा प्रशासनिक नेतृत्वकर्ता प्रधानाध्यापक, पठनपाठनमा संलग्न शिक्षकहरु, विद्यार्थी, अभिभावक सबैको उत्तिकै महत्वपूर्ण भूमिका छ । यी सबै पक्षको संयोजनकारी र व्यवस्थापकीय भूमिका निर्वाह गर्ने जिम्मेवारी पाएको विद्यालय व्यवस्थापन समितिको पनि विद्यालयलाई उत्कृष्ट बनाउन महत्वपूर्ण हात रहेको छ । यसैकारण आधुनिक राष्ट्रिय माध्यमिक विदालयको व्यवस्थापन समितिको सदस्य बन्न अभिभावकको विशेष आकर्षण देखिएको छ । गत शनिबार भएको विद्यालयको अभिभावक भेलामा व्यवस्थापन समिति सदस्य बन्न २१ जना अभिभावक आकांक्षी देखिनुले यसलाई पुष्टि गर्दछ । अभिभावकमध्येबाट चयन हुने ४ जना सदस्यका लागि ५ गुणाभन्दा बढी सदस्यहरु आकांक्षी देखिनुले विद्यालय व्यवस्थापनको जिम्मेवारी लिन अभिभावक उत्साहित बनेको मान्न सकिन्छ ।

विद्यालय व्यवस्थापन समितिमा बस्न आकांक्षी देखिएका अभिभावकसँग विद्यालयको विकास तथा व्यवस्थापनको बलियो एजेण्डा भने छैनन् । विद्यालय विकासको स्पष्ट योजनाबिना नै अभिभावकहरु व्यवस्थापनप्रति आकांक्षी देखिनुले आगामी दिनमा व्यवस्थापन समिति प्रभावकारी बन्न नसक्ने सम्भावना देखिएको छ । व्यवस्थापन समिति चयनमा उम्मेदवारी दिएका अधिकांश अभिभावकले विद्यालयको शैक्षिक गुणस्तर उकास्न, व्यवस्थापन प्रभावकारी बनाउन, शिक्षाको गुणस्तर तल्लो स्तरदेखि नै बलियो बनाउन, विद्यार्थीको आकर्षणलाई कायम राख्न, भौतिक विकासलाई अघि बढाउन आफू आकांक्षी बनेको बताएका छन् । यस्तै, नियमित गृहकार्य परीक्षण गराउने वातावरण निर्माण गर्न, विद्यालयको कमीकमजोरी तथा त्रुटीलाई सच्याउन, पठनपाठन सुधार गर्न आकांक्षी बनेको पाइएको छ । कतिपय अभिभावक भने आफूले विद्यालयलाई समय दिन सक्ने भएकाले व्यवस्थापन समितिमा बस्न आकांक्षी बनेको पाइएको छ । आकांक्षीहरुले विद्यालयको भौतिक विकास र शैक्षिक स्तर वृद्धि गर्न चाहेको भने पनि त्यसको स्पष्ट योजना र कार्यक्रम उनीहरुसँग छैन ।

विद्यालय व्यवस्थापनप्रति अभिभावकको आकर्षण बढ्नु सुखद् हो । तर, राजनीतिक आस्था र भागबण्डाको आधारमा विद्यालय व्यवस्थापन समितिको सदस्य, अध्यक्ष बन्न आकांक्षी बन्ने क्रम बढ्दै गएको छ । सामुदायिक विद्यालयमा पठनपाठनभन्दा बढी राजनीति हाबी हुने आरोप लाग्ने गरेको अवस्थामा व्यवस्थापन समितिदेखि नै राजनीतिक रङ देखिँदा त्यसले सकारात्मक नतिजा नदिन सक्छ । विद्यालयमा हुने राजनीति अन्त्य गर्न व्यवस्थापन समितिबाटै सुरुवात हुनु आवश्यक छ । व्यवस्थापन समितिमा रहेर काम गर्न आकांक्षा राख्नेहरुले विद्यालयको विकास र शैक्षिक गुणस्तर वृद्धिका लागि स्पष्ट र ठोस योजना आवश्यक हुन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | मित्र वर्ग र आफन्तको सहयोग प्राप्त हुने समय छ । |
| वृष | सामाजिक र परम्परागत कामबाट लाभ होला । |
| मिथुन | परीक्षा प्रतियोगितामा सफलता प्राप्त हुने समय छ । |
| कर्कट | कार्यक्षेत्रका काममा साहस बढ्ने योग देखिन्छ । |
| सिंह | बौद्धिक र प्राविधिक क्षमताको वृद्धि हुने समय छ । |
| कन्या | हार्दिकता र भावनाका दृष्टिले कमजोर समय छ । |
| तुला | परिश्रम र साहसले काममा पूर्णता प्राप्ति होला । |
| वृश्चिक | यान–बाहनका कामहरुसँग सजगता अपनाउँदा राम्रो । |
| धनु | व्यापार–व्यवसायका कामहरुबाट लाभ प्राप्त । |
| मकर | रोकिएका कामहरु बन्ने समयको योग देखिन्छ । |
| कुम्भ | परीक्षा प्रतियोगितामा सफल भइने योग छ । |
| मीन | यात्रा योग र धार्मिक कृत्यबाट लाभ |

# सतही राजनीतिको दुश्चक्रमा नेपालको भविष्य



✍गणेश सिंह ठगुन्ना

जबसम्म राजनीतिको मूल ध्येय उत्पादन वृद्धि, राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण, शिक्षा, स्वास्थ्य र रोजगारीमा आमजनताको पहाच स्थापित गर्नु हुँदैन र यी मुद्दा प्राथमिकतामा पर्दैनन्, उक्त देशको विकास हुँदैन । त्यस्तो देशमा सतही राजनीति चलिरहन्छ, देशको अर्थतन्त्र कमजोर हुँदै जान्छ, उत्पादन वृद्धिमा कुनै ध्यान दिइँदैन र अस्थिर जनताको मत आकर्षण गर्न राजनीतिज्ञहरु फगत सतही राजनीति र कोरा नाराहरुबाट जनतालाई दिग्भ्रमित गर्ने गर्दछन् ।

यो अस्थिरता र जनताको बीचमा रहेको उकुसमुकुसका बीचमा नयाँ नयाँ पात्रहरु विभिन्न नौटंकीहरुका साथ प्रकट हुन्छन् । जनताले आशाका साथ केही परिवर्तन पनि गर्न खोज्दछन्, तर परिमाणतः त्यही पुरानै सतही नारा, आधारविहीन निर्देशन र परम्परागत प्रणालीले नै निरन्तरता पाउने गर्दछ । यसले जनतामा व्यापक निराशा पैदा गर्दछ र कालान्तरमा त्यो निराशा व्यवस्था र देशको अस्तित्वको लागि गम्भीर संकट पैदा गर्दछ ।

नेपालको राजनीति आज यही परिदृश्यबाट अगाडि बढिरहेको छ । हामीले सियो पनि उत्पादन गर्न सकेका छैनौं । कृषिप्रधान देश भनेका छौं, तर तरकारी, दाल, चामल समेत आयात गरेर आपूर्ति गरिरहेका छौं । वितरणमा होडबाजी चलिरहेको छ । नयाँ नयाँ आश्वासनहरुको प्रतिस्पर्धा भइरहेको छ, तर देशको अर्थतन्त्र कर्मचारीहरुको तलबभत्ता समेत व्यहोर्न नसक्ने अवस्थामा पुगेको छ ।

विकास खर्चको लागि आन्तरिक र बाह्य ऋणमा निर्भर रहनुपरेको छ । देश यस्तो कहालीलाग्दो अवस्थामा रहेको छ, तर तीनै तहका सरकारहरुमा सिर्जित विभिन्न पदहरु र तामझामसहित भइरहेको खर्च हेर्दा राज्य भविष्यको चिन्ता छाडेर उपभोगमा रमाउने मानसिकताबाट चलिरहेको स्पष्ट हुन्छ ।

निकै अनुभवी र पटकपटक सत्ता चलाएका व्यक्तिहरु पनि आन्तरिक गृहकार्यविना विविध प्रकारका क्षणिक लोकप्रियताको लागि निर्देशन दिइरहेका छन् । विनातयारी गरिएका यस्ता निर्देशन र घोषणाहरुले केही दिन त पीडित व्यक्तिहरूमा आशाको संचार गर्दछ तर केही समयपछि हात्ती आयो हात्ती आयो फुस्सा भने झैं हुन्छ ।

वर्तमान सरकारले पहिलो निर्णय नै राहदानी बनाउँदा लाइन लाग्ने अवस्थाको अन्त्य गर्ने गऱ्यो । उक्त निर्णय स्वागतयोग्य थियो, तर अहिलेसम्म कार्यान्वयनमा आउन सकेको छैन ।

लाइनको अन्त्य कुनै निर्देशनले गर्दैन । यसको लागि त प्रतिदिन राहदानी लिने व्यक्तिको संख्याको आधारमा जनशक्ति र साधनस्रोतको व्यवस्था हो । त्यसप्रकारको आधार नै तयार नगरी गरिने निर्णयहरुले सरकारकै विश्वस्नियतामा समेत गम्भीर प्रश्नहरु खडा गर्दछ ।

दोस्रो बहुचर्चित बियष रहेको छ– सरकारी अस्पतालहरुमा उपचारका लागि बिरामीको पालो । आज हाम्रो देशमा स्वास्थ्यको अवस्था नाजुक छ । त्यहाँ शल्यक्रिया गर्नुपर्ने बिरामीले १ वर्ष पछिसम्म पालो कुर्नुपर्ने अवस्था छ । कतिपय गरिब बिरामीहरुको पालो आउँदासम्म मृत्यु भइसकेको हुन्छ ।

उपचारबाट जीवन जोगाउन सक्ने नागरिक समयमा उपचार नपाउँदा मृत्युको सिकार भएका छन् । यस्तो शासन प्रणालीलाई कसरी लोकतान्त्रिक व्यवस्था भन्न सकिन्छ ? कानुनी रुपमा भनिएला तर व्यवहारिक र नैतिक रुपले यो लोकतान्त्रिक व्यवस्था होइन । यो अवस्थाको अन्त्य कुनै पनि प्रधानमन्त्री र मन्त्रीले निर्देशन दिएर सम्भव हुँदैन । यसको लागि पर्याप्त संख्यामा अस्पतालको निर्माण गर्ने र त्यसमा पनि बिरामीको चापको आधारमा विशेषज्ञ सर्जन डाक्टरहरुको दरबन्दी स्थापना गरी पदपूर्ति गर्नु हो ।

एउटा अस्पतालमा एकजना सर्जन डाक्टरको दरबन्दी स्थापना गरी एकदिनमा एकसय जना बिरामीको अप्रेसन गर्न भनी दिइएको निर्देशनको कुनै औचित्य हुँदैन । बिरामीको चापको आधारमा दक्ष जनशक्ति, पर्याप्त भौतिक पूर्वाधार, आवश्यक बजेटको व्यवस्था गर्न सकिए निर्देशन बिना नै नागरिकले समयमा स्वास्थ्य सुविधा पाउने छन् ।

उत्पादन वृद्धि विना अब हाम्रो देशको अर्थतन्त्रलाई आगामी दिनमा धान्न सकिने अवस्था छैन । रेमिट्यान्समा आधारित अर्थतन्त्र कुनै पनि बेला क्षणभरमै ध्वस्त हुन सक्छ । कल्पना गरौं, यदि नेपालीको वैदेशिक रोजगारीको प्रमुख गन्तव्यहरु मलेसिया, खाडी देशहरुमा कुनै कारण मन्दी आयो भने रेमिट्यान्सविना हामी कति दिन टिक्न सक्छौं ? यसर्थ कृषिमा राज्यले पर्याप्त लगानी गर्दै कृषि उत्पादनको आयातलाई बन्द गरिनुपर्दछ । तब मात्र हामी कृषिमा आत्मनिर्भर हुन सक्दछौं ।

पर्याप्त उद्योग स्थापना गरी स्थानीय स्रोत साधनको उपयोग बढाउनुपर्छ । यसले रोजगारी सिर्जना गर्दै वस्तु निर्यात गर्न सकिन्छ । वैदेशिक मुद्रा प्राप्तिको आधार तयार गर्न लगानी बढाउनु जरुरी छ । कच्चा पदार्थहरु विभिन्न देशबाट आयात गरी प्याकेज र एसेम्बल गर्ने होइन, यहींको कच्चा पदार्थ प्रशोधन गर्ने उद्योगहरु स्थापना गरिनुपर्दछ । तब मात्रै देशको अर्थतन्त्र सुधार हुन्छ र देशमै रोजगारीको अवस्था सिर्जना हुन्छ ।

अहिले प्रदेश र स्थानीय तहहरुमा गएको खर्बौं बजेटको ठूलो हिस्सा भ्रष्टाचार र अनियमिततामा दोहन भइरहेको छ । राज्यका कुनै पनि निकायहरुले त्यहाँ भइरहेको अनियमितताको लेखाजोखा गर्ने प्रयास गरेका छैनन् ।

कर्मचारीतन्त्रले ती स्वायत्त सरकारहरु हुन्, हामीले केही गर्न मिल्दैन भन्ने र ती सरकारहरूले हामी जसरी पनि चल्दा हुन्छ भन्ने मान्यता विकसित हुँदै गइरहेको छ । यसले पछिल्लो समय जनतामा असन्तुष्टि बढाइरहेको छ ।

राजनीतिक कार्यकर्ताहरुमा भ्रष्टाचार गरी छोटो समयमै सम्पन्न हुने गलत प्रवृत्तिले प्रोत्साहन पाउँदैछ भने स्वच्छ छवि भएका व्यक्तिहरु कमजोर हुँदै गएका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सांकेतिक रुपमा केही मुद्दा चलाउने निकाय मात्र नभई हरेक अनियमितता र भ्रष्टाचारका घटनाहरुमा अनुसन्धान गर्नुपर्छ । यसका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना रिटायर्ड प्रशासकहरुबाट हैन, भ्रष्टाचार उन्मुलन र सुशासन सम्बन्धी उच्च शिक्षा हासिल गरेका प्राज्ञिक व्यक्तिहरुबाट गर्नुपर्दछ ।

यसका शाखाहरु जिल्ला स्तरसम्म विस्तार गरी भ्रष्टाचारीलाई तुरुन्त कारबाही गर्नुपर्छ । तब मात्र बजेटको ठूलो हिस्सा अपचलन रोक्न सकिन्छ ।

सरकारले तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्य हो– सम्पत्ति छानबिन आयोग गठन । एक उच्च स्तरीय सम्पत्ति छानबिन आयोग गठन गरी राजनीतिक नेतृत्व, कर्मचारी लगायत सम्पूर्ण नागरिकहरुको सम्पति छानबिन गरिनुपर्दछ । अस्वाभाविक रुपमा आर्जन गरी कमाएको सम्पत्ति राष्ट्रीयकरण गरी उद्योगधन्दा, कलकारखाना निर्माणमा लगाए मात्र सुखी नेपाली र समृद्ध नेपाल कल्पना साकार हुन सक्छ ।

यस सन्दर्भमा विगतमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले सुरु गरेका केही महत्वपूर्ण योजनाहरु अगाडि बढाउनुपर्छ । स्थानीय खानी उत्खनन्, औद्योगिक क्षेत्र स्थापना, प्रत्येक पालिकामा सुविधा सम्पन्न अस्पताल निर्माण, प्रत्येक पालिकाको केन्द्रसम्म कालोपत्रे सडक पहुँच, प्रत्येक निर्वाचन क्षेत्रको रणनीतिक सडक कार्यक्रम लगायतका कार्यहरुलाई ओझेलमा नपारौं । यी परियोजनामा अत्यधिक बजेट विनियोजन गरी अगाडि बढाउनुपर्दछ । अब वितरणमुखी हैन उत्पादनमुखी बजेट निर्माण गरेर अगाडि बढ्नुपर्दछ । तब मात्र हामी सतही राजनीतिको यो दुश्चक्रबाट मुलुकलाई मुक्त गरी समृद्ध नेपाल निर्माण गर्न सक्दछौं ।

*लेखक नेकपा (एमाले)का पोलिटब्यूरो सदस्य तथा पूर्व संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री हुन् ।*
*(स्रोतः अनलाईनखबर)*

# सरुवा व्यवस्थापनका केही सूत्रहरु



✍प्रकाश राई

मंसिर ४ गतेको चुनावपछि गठन भएको सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यूले कर्मचारी व्यवस्थापनको अवरोधक र सर्वाधिक आलोच्य कर्मचारी सरुवाको सवालमा अभिव्यक्त गर्नु भएको विचार श्रवणीय छ ।

प्रायः नयाँ मन्त्रीहरुले मन्त्रालय सम्हालेको मधुमासमा आशालाग्दो कुरा गर्ने परम्परा छ, तसर्थ मन्त्रीज्यूको भनाइ परिक्षित हुन बाँकी छ । कर्मचारी प्रशासन संचालन गर्ने सवालमा सरुवाको वेथितिले आन्तरिक रुपमा व्युरोक्रेसी अभिशप्त छ । न्यायपूर्ण सरुवा व्यवस्थापनले कर्मचारी प्रशासनको कार्यसम्पादन र सुशासनमा सकारात्मक योगदान गर्नेछ । यसको लागि केहि साधरण सूत्रहरु अगाडि सारेर छलफल गर्न सकिन्छ ।

अल्पकालीन सरुवा व्यवस्थापन (२०८० वैशाख १ गतेदेखि)

समायोजन ऐन २०७५ को दुरुपयोग गर्दै कामकाजको नाममा स्वच्छेचारी ढंगले सरुवा गर्ने काम अविलम्व रोकि सरुवालाई तत्काल व्यवस्थापन गर्नको लागि अल्पकालिन योजना बनाउनु जरुरी हुन्छ । विविध काण(सेवा निवृत्त, नयाँ दरबन्दि थपिएको आदि)ले रिक्त दरबन्दिमा सरुवा गर्नु भन्दा अगाडि रिक्त दरबन्दिको विवरण डिजिटल प्रणालीमा सार्वजनिक गरिदिने सो आधारमा १ हप्ताको समय राखेर डिजिटल प्लेटफर्मवाट आवेदन संकलन गरी निम्न आधारमा सरुवाको निर्णय गर्न सकिन्छ ।

१. सेवा अवधि पुगेको । (निजामती सेवा ऐन २०४९)

२. भौगोलिक वसाईको अवधि । (वर्गिकरण अनुसार)

३. सिनियरिटी/वरिष्ठता । (१ र २ समान भएमा सिनियरिटिको आधारमा निर्णय हुने)

अल्पकालीन योजना तुरुन्तै कार्यान्वय गर्नुपर्छ । असाधरण परिस्थिति बाहेक हाललाई सरुवा स्थगन गरि अल्पकालिन योजना लागु गर्नुपर्छ । सफ्टवेयरको विकास र नीतिगत व्यवस्था गर्दै ढिलोमा २०८० सालको वैशाख १ देखि शुरुवात गर्दा राम्रो हुन्छ । अल्पकालीन व्यवस्थापनमा अन्तर कार्यालयको मात्रै सरुवा गर्ने अन्तर मन्त्रालय/विभाग सरुवा नगर्ने ।

मध्यकालीन सरुवा व्यवस्थापन (२०८० श्रावणदेखि)

राजपत्रांकित कर्मचारीहरुको हकमा एउटा कार्यालयमा २ वर्ष सेवा अवधि पुगेको र राजपत्र अनकिंत कर्मचारीको हकमा ३ वर्ष अवधि पुगेको सवै कर्मचारीहरुलाई अनिवार्य रुपमा श्रावण १ गते १५ दिने निवेदन सूचना आव्हान गर्ने र अवधि पुगेको सवैलाई अनिवार्य निवेदन आव्हान गर्ने सो निवेदनको आधारमा भौगौलिक बसाइ वरिष्टताको आधारमा पारदर्शि हुने तरीकाले सरुवा गरिदिने । निवेदन नदिनेको हकमा सवै भन्दा दुर्गम ठाउँमा वा निवेदन नपरेको ठाउँमा जहा दरबन्दि रिक्त रहने हो सो ठाउँमा पठाउने ।

अन्तर मन्त्रालयको हकमा निवेदन नपरेको बाहेकमा ५ वर्ष नचलाउने । यो योजना आगामि श्रावण पहिलो दिनबाट शुरु गर्ने । तर संघीय निजामती सेवा ऐन यो अवधिमा जारी हुने भएमा मध्यकालीन योजनाको आवश्यकता रहँदैन ।

दिर्घकालीन/स्वाचालित-पूर्व अनुमानयोग्य सरुवा व्यवस्थापन (संघीय निजामती ऐन जारी भएपछि)

सरुवामा स्वचछेचारी प्रवृति/मापदण्डहिनता हाम्रो व्युरोक्रेसीको अध्याँरो पक्ष हो । सरुवाको सन्दर्भमा निजामती सेवामा राष्ट्रसेवक स्वयम् भेदभाव र अन्ययको शिकार भएको अनेक उदाहरण छन् । यसलाई सधैको लागि व्यवस्थित गर्ने अवसर कर्मचारी समायोजनको वेला थियो । सो अवसर सदुपयोग हुन सकेन, बरु समायोजनको अनन्त सिलशिलले थप वेथिति र सार्वजनिक प्रशासनलाई अस्थिर बनाएको छ । अब जारी हुने संघीय निजामती सेवा ऐनमा उप्रान्त सरुवामा पूर्व अनुमानयोग्य र स्वचालितको समेतको ग्यारेन्टी हुने गरि निम्म प्रबन्ध राखिनुपर्छ ।

१. संघीय निजामती सेवा ऐज जारी भएको दिन देखि सवै संघीय सेवाको कर्मचारीहरुलाई पुल दरबन्दिमा राखेर पुनःपदस्थापनाको प्रकृयामा जाने ।

२. नियामवाली तथा कार्यविधि बनाएर हरेक राजपत्रांकित कर्मचारीको हकमा २ वर्षको कार्याकाल र राजपत्रअंकितको हकमा ३ वर्षको एक कार्यकाल हुने गरि ३ कार्याकालको कार्यालय सुनिश्चित गर्दै सबै कर्मचारीहरुलाई पुनःस्थापना गरिदिने ।

३. पुनःपदस्थापना गर्दा वरिष्ठताको आधारमा वैज्ञानिक मापदण्ड बनाइ गर्ने ।

४. फरक क्षमता भएको, अशक्त तथा महिला कर्मचारीहरुको हकमा विशेष व्यवस्था गरिदिने ।

(स्वचालित/पूर्व अनुमानयोग्य सरुवा प्रणालीको लागि प्राविधिक कुरा निरुपण गर्न एक टेक्निकल कमिटि तुरुन्त बनाउनु पर्छ, सरुवा व्यवस्थित गर्न सरोकारवालाहरुसँग निरन्तर छलफल ।)

माननीय मन्त्री ज्यूले गर्नैपर्ने ७ कामहरु

१. कर्मचारी व्यवस्थापन र परिचालनको सवालमा मन्त्रालयलाई पूर्णत गोश्वरा मन्त्रालयमा रुपान्तरण गर्ने ।

२. सरुवाको सिफारिस नलिने ।

३. घर भएको भन्दा वाहिर जिल्ला सरुवा भएका कर्मचारीहरुलाई यथासंभव आवासको व्यवस्थापन गरिदिने । कार्यालय प्रमुखले सिङ्गै भवन ओगटेर बस्ने सामन्ती परम्पराको अन्त्य गर्दै आवासलाई साझा बनाइदिने अनि अपुग आवासको लागि निम्नतम् घरभाडाको भुक्तानी गरिदिने ।

४. पार्टिको नेता/कार्यकर्ता, ट्रेड युनियनको प्रतिनिधिहरुसँग नीतिगत कुरामा छलफलमा रहने परिपाटिको स्थापना गर्ने ।

५. असाधरण प्रयोजन बाहेक कार्यविधि नवनाइ सरुवा नगर्ने । सरुवाको निर्णय गर्ने ...बाँकी पृष्ठ ३ मा

# ६ वटा पालिकामा राष्ट्रपति रनिङशिल्ड छनौट सम्पन्न

समाज संवाददाता

हेटौंडाः जिल्ला खेलकुद विकास समिति मकवानपुर आगामी फागुन ६ र ७ गते जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगिता गर्ने तयारीमा रहेको छ । तर, मकवानपुरको १० वटा पालिकामध्ये ६ वटा पालिकाले मात्र राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगिता सम्पन्न गरेका छन् ।

जिल्लाका ४ वटा पालिकामा छनौट प्रतियोगिता हुन बाँकी रहेको जिल्ला खेलकुद विकास समिति मकवानपुरका कार्यालय प्रमुख माधव कोइरालाले जानकारी गराउनुभयो । हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, भीमफेढी गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका, बकैया गाउँपालिका र मकवानपुरगढी गाउँपालिकाले पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगिता सम्पन्न गरेको छ ।

मकवानपुरको राक्सिराङ गाउँपालिका, कैलाश गाउँपालिका, मनहरी गाउँपालिका र बागमती गाउँपालिकामा पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगिता सम्पन्न हुन बाँकी रहेको छ । बागमती गाउँपालिकाले यही माघ २७ गते शुक्रबार पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगिता गर्ने सूचना प्रकाशन गरिसककेको छ । यस्तै, राक्सिराङ गाउँपालिकाले सोमबार सूचना प्रकाशन गरेर सबै वडा तहमा रहेका विद्यालयलाई फागुन २ र ३ गते हुने पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगितामा सहभागी हुन आह्वान गरेको छ ।

कैलाश गाउँपालिकाले पनि फागुन ४ गतेदेखि पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगिता गर्ने निर्णय भएको छनौट प्रतियोगिता सदस्य संयोजक सूर्यबहादुर थिङले जानकारी दिनुभयो । यसका लागि कैलाश गाउँपालिकामा रहेको विद्यालयहरुलाई सहभागी हुनका लागि सूचना पठाइसकेको थिङले बताउनुभयो ।

मनहरी गाउँपालिकाले आज बुधबार ९ वटै वडामा रहेका विद्यालयसँग बैठक बसी पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगिता गर्ने वा नगर्ने टुंगो लाग्ने मनहरी गाउँपालिकाका सूचना अधिकारी हरिचन्द्र सापकोटाले जानकारी दिनुभयो ।

राष्ट्रिय खेलकुद परिषदले जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता आयोजना गर्न ४ लाख रुपैयाँ बजेट विनियोजन जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख कोइरालाले बताउनुभयो ।

## राक्सिराङमा २ गतेदेखि छनौट प्रतियोगिता हुने

हेटौंडाः मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिकामा आगामी फागुन २ गतेदेखि राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता हुने भएको छ । सोमबार गाउँपालिकाले सूचनामार्फत् गाउँपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगितामा सहभागी हुनका लागि सबै विद्यालयलाई सूचित गरेको हो ।

छनोट प्रतियोगिता राक्सिराङ गाउँपालिकाको आयोजना तथा सूर्योदय माविको समन्वयमा हुने राक्सिराङ गाउँपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगिताका संयोजक सदस्य सीताराम सुवेदीले जानकारी दिनुभयो । छनोट प्रतियोगिता फागुन ३ गतेसम्म सूर्योदय माविको चौरमा सञ्चालन हुनेछ ।

छनोट प्रतियोगितामा एटलेटिक्सअन्तर्गत् दौड, लङजम्प, हाइजम्प, त्रिपलजम्प, सटपुट थ्रो, ज्याभ्लिन थ्रो हुनेछ । छनोट प्रतियोगितामा भलिबल, तेक्वान्दो, कबड्डी र कराँतेका खेलहरु पनि हुनेछ । पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगितामा छनोट भएका खेलाडीहरुले आगामी फागुन ६ र ७ गते हुने जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड छनोट प्रतियोगितामा सहभागी हुनेछन् ।

# रेविजविरुद्धको खोप लगाउन सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको आयोजनामा गाउँपालिका भित्रका कुकुरहरुलाई रेविजविरुद्धको खोप लगाउन सुरु गरिएको छ । हालसम्म गाउँपालिकाको वडा नम्बर १ र २ मा रेविजविरुद्धको खोप कार्यक्रम सम्पन्न भइसकेको पशु विकास शाखाका प्रमुख नवीन अधिकारीले जानकारी दिनुभयो ।

इन्द्रसरोवर गाउँपालिकामा एक सय ६५ वटा कुकुरलाई रेविजविरुद्धको भ्याक्सिन लगाइएको छ । आइतबार वडा नम्बर १ मा ९० वटा कुकुरलाई खोप लगाइएको छ । त्यस्तै, सोमबार वडा नम्बर २ मा ७५ वटा कुकुरमा खोप लगाइएको उहाँले जानकारी दिनुभयो । तेस्रो दिन मंगलबार वडा नम्बर ३ मा एक सय ४८ वटा कुकुरमा खोप लगाइएको उहाँले जानकारी दिनुभयो । आज बुधबार ४ नम्बर वडामा रेविजविरुद्धको खोप लगाइने उहाँले बताउनुभयो ।

गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार सञ्चालन भइरहेको रेविजविरुद्धको खोप गाउँपालिकाको ५ वटै वडामा संचालन हुने उहाँले जानकारी दिनुभयो । गाउँपालिकाले करिब एक हजार कुकुरलाई खोप लगाउने लक्ष्य राखेको उहाँले बताउनुभयो । रेविजविरुद्धको खोप कार्यक्रम माघ २७ गतेसम्म हुनेछ ।

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि
www.samriddhasamaj.com.np

# बासुकलाले व्यावसायिक क्षमता तीन गुणाले बढायो




समाज संवाददाता

हेटौंडाः अर्थतन्त्रमा परेको संकटका कारण बजार क्षेत्रका पसलका सामान होइन पसल नै बिक्रीमा छ । व्यवसाय चलाउनु भन्दा बन्द गर्नुमा कम घाटा छ । यस्तो परिस्थितिमा पनि केही व्यवसायीले आफ्नो व्यावसायिक क्षमता बढाउन अग्रसर छन् । यस्तै सीमित व्यवसायीमध्येको एक हो हेटौंडा-४, पारिजातपथस्थित होटल बासुकला फास्ट फुड ।

बाबु पुस्ताले सञ्चालनमा ल्याएको सामान्य खाजा घरलाई केही वर्षदेखि छोरा पुस्ताले सम्हाल्दै आएको थियो । बाबु केशव बासुकलाले सञ्चालन गर्दै आएको खाजा घरलाई छोरा विकास बासुकलाले फास्टफुडको रुपमा खाजा घरलाई विस्तार गरेको हो । फास्टफुड व्यवसायमा सेवाग्राहीको विश्वास आर्जन गरेको होटल बासुकलाले स्थापनाको २९ औं वार्षिकोत्सवको अवसरमा पारेर मंगलबारदेखि क्षमता विस्तारको औपचारिक उद्घाटन गरेको छ ।

साविकको अवस्थामा एकैपटक १८ जनालाई सेवा गर्न सक्ने होटल बासुकलाले अहिले एक साथ ५४ जनालाई सेवा गर्न सक्ने गरी क्षमता बढाएको छ । करिब २० लाख रुपैयाँ लगानी गरेर क्षमता विस्तार गरेको सञ्चालक विकास बासुकला बताउनुहुन्छ । होटललाई आकर्षक बनाउँदै क्षमता विस्तार गरिए पनि सेवाशूल्क भने साविककै कायम गरिएको बासुकला बताउनुहुन्छ । नेवारी खाजा घरको रुपमा सुरुवात गरिएको होटल बासुकलाले छिटो र स्वादिलो खाजा पस्कने सञ्चालकको दावी छ । नेवारी लोकप्रिय परिकार योमरी नियमित विक्रीका लागि राखिने जनाउँदै सञ्चालक विकास बासुकलाले भन्नुभयो, "सेवाग्राहीलाई सन्तुष्टी दिलाउँदै उपयुक्त मूल्यमा सेवा प्रवाह गर्दा व्यावसायिक लाभ र उपभोक्ताको आकर्षण दुवै प्राप्त भएको छ ।"

### बकैया गाउँपालिकास्तरीय फुटबल प्रतियोगिता

# वडा नम्बर ६ र ७ सेमिफाइनल प्रवेश



समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकामा जारी गाउँपालिकास्तरीय फुटबल प्रतियोगिता अन्तर्गत् क्वाटर फाइनलका दुई खेल सम्पन्न भएको छ । मंगलबार भएको क्वाटरफाइनलका खेलमा विजयी हुँदै वडा नम्बर ६ र ७ सेमिफाइनल प्रवेश गरेको प्रतियोगिताका संयोजक विजय लामा थिङले जानकारी दिनुभयो ।

मंगलबार भएको पहिलो क्वाटरफाइनल खेलमा वडा नम्बर २ लाई ३-१ गोलअन्तरले हराउँदै ६ नम्बर वडा सेमिफाइनलमा प्रवेश गरेको हो । यस्तै, दोस्रो क्वाटरफाइनल खेलमा ९ नम्बर वडालाई १-० गोल अन्तरले हराउँदै ७ नम्बर वडा सेमिफाइनलमा प्रवेश गरेको हो ।

प्रतियोगिताअन्तर्गत् आज बुधबार तेस्रो क्वाटरफाइनल खेलमा वडा नम्बर ५ र ८ बीच प्रतिस्पर्धा हुनेछ भने अन्तिम तथा चौथो क्वाटरफाइनल खेलमा ३ नम्बर वडा र ४ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको फाइनल खेल २७ गते हुनेछ । प्रतियोगिताको विजेताले नगद १ लाख ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले नगद १ लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

# बालमैत्री घोषणाका लागि पहिलो चरणको काम सुरु

जमुना थिङ

हेटौंडाः हेटौंडा उपमहानगरपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि पहिलो चरणको काम सुरु भएको बताइएको छ । कर्मचारी नियुक्तिको प्रक्रिया अघि बढाएपछि पहिलो चरणको काम सुरु भएको हेटौंडा उपमहानगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक महाशाखाकी प्रमुख बिष्णुकुमारी लामिछानेले बताउनुभयो ।

कर्मचारी नियुक्ति प्रक्रियाअनुरुप सोमबार नै नामावली प्रकाशन गरिसकेको उहाँले बताउनुभयो । उहाँका अनुसार कर्मचारी नियुक्तिपश्चात् आगामी फागुन महिनादेखि वडावडामा सहजीकरण र तथ्यांक संकलनको काम सुरु हुनेछ । जसले बाल संरक्षणमा विशेष भूमिका निर्वाह गर्ने उहाँले बताउनुभयो ।

हेटौंडामा बालविवाह, बालश्रम र कुलतमा लागेका तथा विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान हुने लामिछानेले जानकारी दिनुभयो । बालबालिकाको अधिकार र आवश्यकताको पहिचान पनि हुने उहाँको भनाइ छ । यस्तै बाल वस्तुगत विवरण संकलनका लागि सफ्टवेयर समेत तयार भइरहेको उहाँले बताउनुभयो ।

स्थरबेन्जामिन संस्थाले डिजाइनको लागि सहयोग गरेको महाशाखा प्रमुख लामिछानेको भनाइ छ । यस्तै, वडावडामा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि विद्यालयका प्रधानाध्यापक तथा जनप्रतिनिधिहरुलाई अभिमुखीकरण दिने कार्य सम्पन्न भइसकेको जानकारी दिनुभयो । उपमहानगरमा बालमैत्री सम्पर्क तथा सिकाई केन्द्रसमेत स्थापना गरिसकेको उहाँले बताउनुभयो । विभिन्न चरण गर्दै बालमैत्री स्थानीय शासन घोषणाको तयारीमा उपमहानगर रहेको छ ।

महाशाखाले बालअधिकार संरक्षण नीतिमा गत पुस महिनादेखि काम सुरु गरिएको प्रमुख लामिछानेले जानकारी दिनुभयो । हेटौंडा उपमहानगरलाई बालमैत्री स्थानीय शासन घोषणा आगामी मंसिर मसान्तभित्र गरिने लक्ष्य छ । उपमहानगर अबको १० महिनाभित्र विभिन्न चरण गर्दै बालमैत्री स्थानीय शासन घोषणाको तयारीमा रहेको छ । २०८० मंसिर मसान्तभित्र उपमहानगरलाई बालमैत्री घोषणाका लागि उपमहानगरका विभिन्न शाखा तथा महाशाखाले आआफ्ना जिम्मेवारी लिएको उहाँको भनाइ छ ।

### हेटौंडा-कुलेखानी-चित्लाङ सडकखण्ड

# दुई महिना एकतर्फी चल्ने

समाज संवाददाता

हेटौंडाः काठमाडौं जोड्ने छोटो दुरीको हेटौंडा–कुलेखानी–चित्लाङ–थानकोट सडकखण्ड दुई महिनाका लागि एकतर्फीमात्र सञ्चालन हुने भएको छ । मंगलबार जिल्ला प्रशासन कार्यालय मकवानपुरमा भएको सम्बन्धित सरोकारवाला निकाय तथा निर्माण व्यवसायीहरुबीचको अन्तरक्रियाले दुई महिना उक्त सडकखण्डमा एकतर्फीमात्र गाडी सञ्चालन गर्ने निर्णय गरेको जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख राजेन्द्रदेव पाण्डेले जानकारी दिनुभयो ।

फागुन १ गतेदेखि दुई महिनासम्म उक्त सडकखण्डमा हेटौंडाबाट काठमाडौं जाने गाडीमात्र चल्न पाउनेछ । यस्तै, काठमाडौंबाट हेटौंडा आउने गाडीहरुलाई कान्तिलोकपथ हुँदै एकतर्फी सेवा सञ्चालन गर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी पाण्डेले बताउनुभयो । उक्त व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालय काठमाडौं र ललितपुरलाई अनुरोध गर्नेसमेत निर्णय भएको उहाँले बताउनुभयो ।

अन्तरक्रियमा निर्माण कार्य निर्धारित समयमा सम्पन्न गर्न बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेले सम्बन्धित निर्माण व्यवसायीहरुलाई निर्देशन दिनुभएको छ । बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलिया, भौतिक पूर्वाधारमन्त्री युवराज दुलाल र श्रम, रोजगार तथा यातायातमन्त्री एकालाल श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

### शहीद स्मृति गोल्डकप-२०७९

# खेल तालिका सार्वजनिक

समाज संवाददाता

हेटौंडाः स्थानीय तह शहीद स्मृति अन्तर्राष्ट्रिय गोल्डकप फुटबल प्रतियोगिताको तालिका सार्वजनिक भएको छ । मकवानपुर जिल्ला फुटबल संघले मंगलबार खेल तालिका सार्वजनिक गरेको हो । माघ २८ गतेबाट सुरु हुने प्रतियोगिताको उद्घाटन खेल छिमेकी बारा जिल्लाको नवजागृति युवा क्लब र घरेलु टोली रिगल रिसोर्ट हेटौंडा मकवानपुर-११ बीच हुनेछ ।

प्रतियोगिताको फाइनल खेल फागुन १० गते हुनेछ । प्रतियोगितामा १२ वटा टिम सहभागी छन् । समूह ए मा नेपाल एपीएफ, हिमालयन शेर्पा क्लब, बीरगन्ज युनाइटेड, हिमालयन शेर्पा क्लब, एनआरटी फुटबल क्लब, बागमती युवा क्लब र एभिनियर एफसी रहेको छ भने समूह बी मा फ्रेण्ड्स क्लब, नवजागृति युवा क्लब, रिगल रिसोर्ट हेटौंडा मकवानपुर-११, सातदोबाटो क्लब, मनाङ मर्स्याङ्दी क्लब र त्रिभुवन आर्मी क्लब रहेको छ । हेटौंडा-५, पिप्लेस्थित पिप्ले-क्याम्पा रंगशालामा हुने प्रतियोगिताको उपाधि विजेताले १५ लाख रुपैयाँ र उपविजेताले १० लाख रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् भने विधागत उत्कृष्ट खेलाडीहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ

# विद्यालय धुमपान, मद्यपान निषेधित क्षेत्र बन्दै




जमुना थिङ

हेटौंडाः बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि विद्यालयलाई सुर्तीजन्य, मद्यपान र धुमपान निषेधित क्षेत्र बनाउन सुरु गरिएको छ । हेटौंडा उपमहानगरपालिकाले २०८० साल मंसिर महिनाभित्र बालमैत्री स्थानीय शासन घोषणाको तयारी थालेपछि विद्यालयहरु सुर्तीजन्य, मद्यपान र धुमपान निषेधित क्षेत्र बन्न थालेको हो ।

'बालबालिकामा गरेको लगानी ल्याउँछ सुनौलो बिहानी' भन्दै विद्यालयलाई सुर्तीजन्य, मद्यपान र धुमपान निषेधित क्षेत्र घोषणा गरिएको छ । विद्यालयको वरिपरि १०० मिटरको दुरीभित्र सुर्तीजन्य, मद्यपान र धुमपानजस्ता वस्तुहरु बिक्रीवितरण नगर्न आग्रह गर्दै विद्यालयलाई निषेधित क्षेत्र घोषण गरेका हुन् ।

हेटौंडा उपमहानगरभित्र रहेका केही विद्यालयले मात्र विद्यालयलाई सुर्तीजन्य, मद्यपान र धुमपान निषेधित क्षेत्र बनाइएका छन् । केही महिनाअघि हेटौंडा उपमहानगर पालिकाले सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई निषेधित क्षेत्रको बोर्ड राख्न आग्रह गरेको थियो ।

उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाले विद्यालयहरुले सम्पन्न गर्नुपर्ने विभिन्न कार्यहरुको बारेमा लिखित निर्देशन दिएको भए पनि केही विद्यालयले ती निर्देशनको पालनामा तदारुकता देखाएको पाइएको छैन । हेटौंडा–५ स्थित लक्ष्मी आधारभूत विद्यालय, हेटौंडा–५ कै बालज्योति माध्यमिक विद्यालय, हेटौंडा–१६, हटियास्थित त्रिभुवन माध्यमिक विद्यालयले बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि विद्यालयलाई उक्त क्षेत्रबाट निषेध गरेको छ ।

हेटौंडा–१६ कै आकाशधारा पानीसारा आधारभूत विद्यालय, हेटौंडा–१५, फायरलाइनस्थित वनदेवी आधारभूत विद्यालयलाई सुर्तीजन्य, मद्यपान र धुमपान निषेधित क्षेत्र घोषणा गरिएको छ । हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाका शिक्षा अधिकृत रामचन्द्र खड्काका अनुसार हेटौंडा–१६, शक्तिखोलास्थित बीपी आधारभूत विद्यालय, हेटौंडा–६, गौरीटारस्थित बालजागृति युवावर्ष माध्यमिक विद्यालयले पनि विद्यालयलाई सुर्तीजन्य, मद्यपान र धुमपान निषेधित क्षेत्रको बोर्ड टाँसेका छन् ।

हेटौंडा–१० स्थित ज्ञानदा माध्यमिक विद्यालय, हेटौंडा–१४, मयूरधापस्थित जनज्योति माध्यमिक विद्यालय, दिव्यज्योति आधारभूत विद्यालय, हेटौंडा–१२ को तल्लो रमनटारस्थित ब्रम्हदेवी आधारभूत विद्यालय, हेटौंडा–४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालय, हेटौंडा–१४, बदेलधापस्थित सुप्रभात आधारभूत विद्यालयलाई सुर्तीजन्य, मद्यपान र धुमपान निषेधित घोषण गरिएको छ । केही विद्यालयहरुले बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि तिव्र रुपमा विद्यालयलाई बालमैत्री बनाउन सुरु गरिएको उहाँको भनाइ छ ।

विद्यालयको एक सय मिटर वरपर खुलेआम सुर्तीजन्य तथा मादक पदार्थ बिक्रीवितरण भइरहेको भन्दै उपमहानगरले अनुगमनसमेत गर्ने जनाएको थिए । जसले गर्दा विद्यालयलाई उपमहानगरले विद्यालय वरपर सुर्तीजन्य र मादक पदार्थ निषेधित क्षेत्र बनाउन आग्रह गरेका हुन् । विद्यार्थीलाई सुर्तीजन्य र मादक पदार्थको लतबाट टाढा राख्नका लागि विद्यालय क्षेत्र आसपासमा सञ्चालनमा रहेका होटल तथा किराना पसलमा सुर्तीजन्य पदार्थ तथा मदिरा नराख्न आग्रह गरिएको छ । सोहीअनुरुप उपमहानगरले १८ वर्षभन्दा मुनिका कुनैपनि बालबालिकालाई अभिभावकहरुले समेत सुर्तीजन्य तथा मादक पदार्थ खरिद गर्न प्रयोग नगर्न आग्रह गरिएको छ ।

# रासायनिक मल नपाउँदा कृषकहरु चिन्तित

समाज संवाददाता

हेटौंडाः पर्याप्त रासायनिक मल नपाउँदा थाहा नगरपालिका र आसपासका कृषकहरु चिन्तित छन् । बेमौसमी तरकारी खेतीका लागि पहिचान बनाएको थाहा नगरका कृषकहरु जसोतसो खेती गरेपनि मल अभावले उत्पादन नहुने भएपछि चिन्तित भएका हुन् । 'खेती त जसोतसो गरिएला तर मल नै पाइँदैन । मल पाइहाले पनि दोब्बरभन्दा बढी मूल्य तिर्नुपर्छ', थाहा-३ का कृषक सरोज कार्कीले दुखेसो पोख्नुभयो । उहाँ जस्तै मकवानपुर जिल्लाका अधिकांश किसानले रासायनिक मल नपाउँदा हैरान भएका छन् ।

रासायनिक मल नहाली तरकारी उत्पादन नहुने भएकाले किसानहरु खेती लगाउने कि नलगाउने दोधारमा परेका छन् । यतिबेला थाहाका किसानलाई आलु, काउली, बन्दा अन्य बालीका लागि ठूलो परिमाणमा रासायनिक मल आवश्यक छ । 'दिनभरि लाइनमा बस्यो १० किलो रासायनिक मलका पाईन्छ । हामीलाई कम्तीमा चार बोरा मल चाहिएको छ ।' कृषक विजय अधिकारीले बताउनुभयो । २ वर्षदेखि रासायनिक मलको अभाव भएकोले कृषकहरुले सोचेजति उत्पादन लिन सकेका छैनन् ।

किसानले समयमै मल, बीउबिजन, कृषि औजार तथा उपकरणसमेत नपाउने अवस्था छ । खेतीको समयमा मल तथा बीउ अभाव सामान्य भइसकेको छ । रासायनिक मल किन्न बिहानैदेखि सहकारी संस्था कुरेर बस्नुपर्ने किसानको दैनिकी नै बनेको छ । सरकारले समयमै आपूर्ति व्यवस्थालाई सहज बनाउन ध्यान नदिँदा किसान मारमा परेका छन् । खेतीबारीमा व्यस्त हुने किसान दिनभर मलको खोजीमा भौंतारिरहन परेको छ ।

थाहा नगरपालिकाका प्रमुख बिष्णु बहादुर बिष्टले थाहा नगरमा एकै सिजनमा तीन पटकसम्म तरकारी उत्पादन हुने भएकोले प्रदेश सरकारले निर्धारण गरेको कोटाले मात्रै नपुग्ने हुँदा मलको वितरण प्रणालीलाई पुनर्विचार गर्नुपर्ने बताउनुभयो । उहाँले थाहा नगरका लागि मलको कोटा बढाउन बागमती प्रदेश सरकारको मूख्यमन्त्री र कृषि तथा पशुपंक्षी मन्त्रालय समक्ष अनुरोध गरिएको बताउनुभयो ।

बागमती प्रदेशका लागि चालु आर्थिक वर्षमा १४ हजार ८६ मेट्रिकटन रासायनिक मल प्राप्त भएको कृषि सामग्री कम्पनी लिमिटेडको बागमती प्रादेश कार्यालय हेटौंडाका प्रादेशिक प्रबन्धक प्रकाश चन्द्र ज्ञावलीले बताउनुभयो । उहाँका अनुसार बागमती प्रदेश कृषि मन्त्रालयले निर्धारण गरे अनुसार स्थानीय तहको सिफारिस अनुसार मलको बितरण गरिने बताउनुभयो ।

# स्वास्थ्य बीमा बोर्डका अध्यक्ष उप्रेतीले दिए राजीनामा

काठमाडौंः स्वास्थ्य बीमा बोर्डका अध्यक्ष डा. सेनेन्द्रराज उप्रेतीले पदबाट राजीनामा दिएका छन् । उनले मंगलबार स्वास्थ्य मन्त्रालयमा पुगेर स्वास्थ्यमन्त्री पदम गिरी समक्ष राजीनामा बुझाएका हुन् । डा. उप्रेतीले राजीनामा बुझाएको स्वीकार गरे । राजीनामाका विषयमा उनीसँग जिज्ञासा राख्दा उनले परि स्थितिको उपज भएको प्रतिक्रिया दिए ।

पूर्व स्वास्थ्य सचिव समेत रहेका उप्रेतीलाई सरकारले २०७७ साउन २० गते स्वास्थ्य बीमा बोर्डको अध्यक्षमा नियुक्त गरेको थियो । 'मैले राजीनामा दिनुमा केही कारण छन् । वोर्ड व्यवस्थापन गम्भीर नहुनु र स्वास्थ्य बीमा गति पनि लिन सकेन, व्यवस्थापन स्वस्थ्य पनि भएन । कतिपय कानुनी बाधाका कारण काम गर्न सकिएन । यसमा कानुनी देखि राजनैतिक कारण होलान् । बीमा प्रभावकारी ढंगले अघि बढ्न नसक्नुमा, यस्तो थाहा हुँदा हुँदै म त्यहाँ बसिरहनु उपयुक्त नलागेकाले राजीनामा दिए,' डा. उप्रेतीले भने ।

सहज र गुणस्तरीय सेवा दिन नसक्दा पाँच वर्षभित्र तीन करोड नागरिकलाई समेट्ने महत्वाकांक्षी लक्ष्यसहित सुरु गरिएको स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारिता माथि नै प्रश्न उब्जिएको छ । विसं २०७२ सालदेखि सुरु भएको स्वास्थ्य बीमा कार्यक्रम ७७ वटै जिल्लामा पुगे पनि झन् झन् सेवा फितलोको कारण असफलको बाटोमा जाँदैछ । *स्रोतः अनलाइनखबर ।*

# बाख्रापालक महासंघमा मोक्तान

समाज संवाददाता

हेटौंडाः नेपाल व्यावसायिक बाख्रापालक महासंघ बागमती प्रदेश समितिको अध्यक्षमा टंक बहादुर मोक्तान सर्वसम्मत निर्वाचित हुनुभएको छ । सोमबार सम्पन्न दोस्रो प्रदेश अधिवेशनबाट मोक्तानको अध्यक्षतामा १९ सदस्यीय प्रदेश कार्यसमिति सर्वसम्मत गठन भएको हो ।

समितिको उपाध्यक्षमा अजय पाठक, सचिवमा चन्द्रदेवी तामाङ, सह-सचिवमा नमराज हुमागाई र कोषध्यक्षमा रञ्जीत कार्की निर्वाचित हुनुभएको छ । सदस्यहरुमा रेमनाथ भट्ट, सञ्जीन दाहाल, सरिता खड्का, तारा कुमारी खत्री, सागर महर्जन, दमाई गुरुङ, संगीता देसार, खिल प्रसाद बुर्लाकोटी, गंगा माया तामाङ, हरि बहादुर तामाङ, प्रताप सिंह वाईबा, बद्रिनाथ घिमिरे, इश्वरी सुनुवार र सीता राम अधिकारी निर्वाचित भएका छन् ।

## *सवारी दुर्घटनामा...*

**स्कुटर चालकले मादक पदार्थ सेवन गरेर सवारी चलाएको प्रहरीले उल्लेख गरेको छ । दुर्घटना भएपछि स्थानीय आक्रोसित भई ट्रकमा ढुंगा हानेका थिए । ढुंगा प्रहारबाट इलाका प्रहरी कार्यालय पशुपतिनगरमा कार्यरत प्रहरी निरीक्षक सुमन बानियाँको बायाँ आँखामाथि चोट लागेको थियो भने ट्रकको अगाडिको सिसा फुटेको छ ।**

**दुर्घटना भएका दुबै सवारी साधन र ट्रक चालक प्रहरीको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।**

## *सरुवा...*

**अधिकारीलाई हरेक सरुवाको निर्णयमा जवाफदेहि र सम्बन्धित अधिकारीको कार्यसम्पादनको आधार बनाउने ।**

**६. स्थानीय तहको सरुवा/समायोजन व्यवस्थापनको काम मार्गदर्शन बनाएर प्रदेश सरकारलाई हस्तान्तरण गरिदिने ।**

**७. हरेक सरुवालाई पारदर्शि बनाउँदै नियमित गुनासो सुन्ने व्यवस्था गरिदिने ।**

**माननीय मन्त्री ज्यू !!**

**सरुवाको सन्दर्भमा !**

**१. कर्मचारीहरुले चाकडी/भनसुन गर्न नपरोस्, कसैले रुनु नपरोस् ।**

**२. माथिल्लो तहमा पहुँच हुनेहरुको मस्ती र नहुनेहरुको बिजोक नहोस् ।**

**३. जनप्रतिनिहरु/ट्रेड युनियनका नेताहरु मन्त्रालयमा भिड लागेको देख्न नपरोस् ।**

**४. लेनदेन हुने, व्यपार हुने हल्ला सुन्नु नपरोस् ।**

**प्रस्तुत गरिएका सूत्रहरु पर्याप्त छैनन्, केवल छलफलको लागि सामान्य आधारहरु हुन । संघीय निजामती सेवा ऐनलाई कोशेढुंगा मानेर वैज्ञानिक सरुवा प्रणाली स्थापना गर्न सकिएन भने प्रशासनिक इतिहासमा प्राप्त भएको अद्वितिय अवसर गुम्छ ।**

**( एकीकृत सरकारी कर्मचारी संगठन, नेपालको प्रशिक्षण विभाग प्रमुख, आलेख लेखकको नीजि विचार हो/स्रोतः बाह्रखरी)**

# चिकित्सक संघमा डा. अनिलबिक्रम

काठमाडौंः नेपाल चिकित्सक संघको अध्यक्षमा लोकतान्त्रिक समूहका डा. अनिलविक्रम कार्की विजयी भएका छन् । कार्कीले ३ हजार ५३७ मत ल्याउँदै जित हासिल गरेका हुन् । अध्यक्षका अर्का उम्मेदवार प्रगतिशील समूहका डा. सन्तोष पौडेलले २ हजार २२३ र स्वतन्त्र उम्मेदवार डा. शिवजीविक्रम सिलवालले २९० मत प्राप्त गरे । मंगलबार सम्पन्न मतगणना अनुसार एकजना सदस्यबाहेक लोकतान्त्रिक समूहको प्यानल नै विजयी भएको छ ।

यस्तै, महासचिवमा पनि लोकतान्त्रिक समूहकै डा. सञ्जीव तिवारी २९१८ मतका ल्याएर विजयी भए । उनका निकतम प्रतिद्वन्द्वी डा. अमृत भुसाल १५४१ मत ल्याएर भने अर्की उम्मेदवार डा. रक्षा श्रेष्ठले भने १५०५ मत ल्याएकी छन् । मधेश प्रदेशको उपाध्यक्षमा डा. निरजकुमार सिंह ३०८१ मतका साथ विजयी बने । उनका निकतम प्रतिद्वन्द्वी डा. महेश महासेठले १५७४ मत पाए भने अर्का उम्मेदवार डा. अजयकुमार मिश्रले ११२४ मत ल्याए । बागमती प्रदेशको उपाध्यक्षमा डा. प्रकाश बुढाथोकीले ३५५३ मतका साथ विजय हासिल गरे । उनका प्रतिस्पर्धी डा. सञ्जय ठाकुरले २२१४ मत ल्याए । गण्डकी प्रदेशमा डा. राजन शर्माले ३३२२ मतका साथ विजयी बने भने उनका प्रतिस्पर्धी डा. विकास गौचन २३९० मत ल्याए । यस्तै, सुदूरपश्चिम प्रदेशको उपाध्यक्षमा डा. प्रशान्त भट्ट ३३५९ मतका ल्याएर विजयी भए भने उनका प्रतिद्वन्द्वी डा. निरज अर्याल २३०८ मत ल्याए । सदस्यहरुमा लोकतान्त्रिक समूहका डा. अमित रञ्जन मिश्र, डा. किशोर खत्री, डा. सृजना विष्ट, डा तेज्सुसिंह मल्ल, डा. युभिन कुमार यादव र प्रगतिशिल समूहकी डा. स्मृती महत विजयी भएका छन् ।

## सकियो औद्योगिक व्यापार महोत्सव

# १० करोडको कारोबार




समाज संवाददाता

हेटौंडाः मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा हेटौंडा-१० टिसिएन चौरमा भएको १० औं औद्योगिक व्यापार महोत्सव सोमबार सकिएको छ । १३ दिनसम्म सञ्चालित महोत्सवमा करिब १० करोड रुपैयाँ बराबरको कारोबार भएको संघको अनुमान छ ।

महोत्सव अवधिभर करिब एक लाख दर्शकहरुले महोत्सवको अवलोकन गरेको अनुमान आयोजकको रहेको छ । महोत्सवको अन्तिम दिन दर्शक र सामान खरिद गर्नेहरुको भीड रहेको थियो । सोमबार करिब १० हजारभन्दा बढी दर्शकहरुले महोत्सवको अवलोकन गरेको अनुमान रहेको संघले जनाएको छ ।

महोत्सवका संयोजक एवम् संघका अध्यक्ष कृष्ण कुमार गुप्ताको सभाध्यक्षता तथा बागमती प्रदेशसभाका सभामुख भुवन कुमार पाठकको प्रमुख आतिथ्यमा महोत्सवको समापन भएको छ । समापन कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य अरुणराज सुमार्गी, संघका पूर्व अध्यक्ष केशव श्रेष्ठ, भुवनलाल श्रेष्ठ, उत्तम शर्मा ढकाल, निवर्तमान अध्यक्ष कृष्ण कटुवाल, मकवानपुरका विभिन्न गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, हेटौंडा उपमहानगर पालिका प्रवक्ता एवम् वडाध्यक्ष सविन न्यौपाने, वडा १० वडाध्यक्ष फुर्वा दोर्जे लामा, संघका सल्लाहकारहरु तथा विभिन्न संघ संस्थाहरुका अध्यक्ष तथा प्रतिनिधिहरुको आतिथ्य रहेको थियो ।

# विभिन्न घटनामा ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा सोमबार विभिन्न घटनामा परी ४ जनाको मृत्यु भएको छ । बागमती प्रदेशको रसुवा, धादिङ, दोलखा र काभ्रे जिल्लामा एक एक जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

धादिङ जिल्लाको थाक्रे गाउँपालिका-६, महादेववेशीमा सवारी दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । काठमाडौंबाट गजुरीतर्फ जाँदै गरेको बागमती प्रदेश २-०२५ प ५१११ स्कुटर साईड लगाई पार्किङ् गरी राखेको बा ४ ख २६५४ टिप्परको पछाडी ठक्कर ठोक्किँदा स्कुटर दुर्घटना भएको थियो । दुर्घटनामा परी स्कुटर चालक धादिङ जिल्ला थाक्रे गाँउपालिका-११, सुन्दरटोलका १५ वर्षका संगम लामा घाईते भएका थिए । लामाको उपचारको क्रममा धार्केस्थित शाही बाबा अस्पताल मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धादिङले जानकारी दिएको छ । स्कुटर र टिप्पर चालक प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै दोलखा जिल्लाको बिगु गाउँपालिका-४, लादुकमा सवारी दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । लादुकबाट ढुंगा लिन जाने क्रममा ना ५ त ८८७८ नम्बरको ट्याक्टर अनियन्त्रित भई सडकबाट करिब १०० मिटर तल खस्दा ट्याक्टर चालकसहित ३ जना घाइते भएका थिए । घाइतेलाई उपचारका लागि चरिकोट अस्पतालमा पुऱ्याइएकोमा एकजनाको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दोलखाले जानकारी दिएको छ । मृत्यु हुनेमा बिगु गाँउपालिका-४ बस्ने २४ वर्षीय किसन सार्कीको उपचारको क्रममा ३ बजेर २० मिनेटको समयमा मृत्यु भएको प्रहरीले बताएको छ । ट्याक्टर नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय जानकारी दिएको छ ।

रसुवा जिल्लाको गोसाइकुण्ड गाउँपालिका-५, स्याफ्रुमा अन्दाजी ६० वर्षीय दावा सोनाम घलेको तातोपानी पोखरीमा डुबेर मृत्यु भएको छ । घले पोखरीमा डुवी मृत अवस्थामा रहेको भन्ने खबर प्राप्त भएपछि प्रहरी घटनास्थल पुगेको थियो ।

काभ्रे जिल्लाको पनौती नगरपालिका-५ का १८ महिने शिशुको दुईतला माथिबाट खसेर मृत्यु भएको छ । दुई तल्लामाथि छतको रेलिङमा चढी खेल्ने क्रममा तल खस्दा गम्भीर घाइते भएका शिशुलाई उपचारार्थ न्युरो अस्पताल माईतीघर लगिएको थियो । शिशुको उपचारको क्रममा सोमबार दिउँसो साढे ३ बजे मृत घोषित गरेको प्रहरीले जनाएको छ ।

**मोटरसाइकल हराएको सुचना**

**मिति २०७९ साल माघ २३ गतेका दिन बागमति–७, पाथिभरा बस्ने टिकालाल श्रेष्ठको नाममा रहेको बा.प्र. ०३–००५ प ४४८७ नम्बरको रातो रङ्गको NS २०० सीसीको पल्सर मोटरसाइकल (चयाचिस नम्बर MD2A36FX4MCH95543, इन्जिन नम्बर JLXCMH92148) हेटौंडा–१०, टिसियन रोडमा पार्किङ्ग गरी राखेको अवस्थामा हराएको हुँदा कहिंकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनु हुन यो सुचना प्रकाशित गरिन्छ ।**

**सम्पर्कः ९८५५०७१३३७**